# कृषि तथा वन विज्ञान विश्वविद्यालय

रजिष्ट्रारको कार्यालय
चितवन, नेपाल

**सम्पर्क कार्यालय**
पो. ब. नं. १३७१२
विनायक, धुर्वमार्ग,
मीनभवन, काठमाण्डौं

मितिः २०७०/०८/१४

## सेवा करारमा सेक्यूरिटी गार्ड लिने वारेको पूनः वोलपत्र आव्हानको सूचना

यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत रामपुर, चितवन र हेटौडा, मकवानपुरमा सुरक्षा सम्वन्धी कार्यमा सेवा प्रदान गर्नको लागि केही सुरक्षाकर्मी (सेक्यूरिटी गार्ड) सेवा करारमा लिन आवश्यक भएकोले नेपाल सरकारवाट सम्वन्धित सेवा आपूर्ति गर्न इजाजत प्राप्त ईच्छुक फर्म वा संस्था वा कंम्पनीहरुवाट रित पूर्वकको पूनः शिलवन्दी वोलपत्र आव्हान गरिएको छ। वोलपत्र फाराम रू.२,०००/- (दुइ हजार) मात्र फिर्ता नहुने गरी बुझाई यस विश्वविद्यालयको आर्थिक प्रशासन शाखा, भरतपुर, चितवनवाट प्राप्त गर्न सकिने छ। वोलपत्र साथ नविकरण गरेको इजाजतपत्र, मूल्य अभिबृद्धि करको प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्र लगायत सुरक्षा सेवा संचालन सहमति पत्र तथा कम्तिमा ३ वर्षको सेवा अनुभव साथै मान्यता प्राप्त संस्थावाट सो सम्वन्धित तालिम प्राप्त गरेको प्रमाणपत्रहरुको प्रतिलिपीहरु संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र पेश गर्नुपर्ने छ। शिलवन्दि गरिएको खाममा नाम र ठेगाना स्पष्ट खुलाई सहिछाप गर्नुपर्नेछ। वोलपत्रमा कबुल गरेको कुल अंकको २.५ (दुई दशमलव पाँच) प्रतिशतले हुने धरौटी वापतको रकम यस विश्वविद्यालयको नाममा जारी गरेको ३ महिना म्याद भएको वैंक ग्यारेण्टी पत्र वा रा.वा.वैंक, वानेश्वरमा विश्वविद्यालयको नाममा खोलिएको कल खाता नं. १४२०००००१५०६ मा रकम जम्मा गरेको सक्कलै वैंक भौचर वोलपत्र साथ संलग्न हुनु पर्नेछ। वोलपत्रको दररेट उल्लेख गर्दा अंक र अक्षरमा लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ। प्राप्त वोलपत्रहरु १६ औं दिनको २:०० बजे यसै कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिति वा अनुपस्थितिमा कमिटिको रोहवरमा खोलिने छ। वोलपत्र दाखिला गर्ने र खोल्ने दिन विदा पर्न गएमा त्यसको भोलीपल्ट दाखिला वा खोल्न सकिनेछ। म्याद नाघि, रित नपुगि प्राप्त वोलपत्र उपर कुनै कार्वाही हुनेछैन। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेने छ। अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र सर्म्पक राख्न सकिने छ ।

..........................................
डा. सूर्य कान्त घिमिरे
रजिष्ट्रार
रजिष्ट्रार

चितवन फोन : ०५६-५२०६०२
फ्याक्स : ०५६-५२६०१४
वेभसाइट : www.afu.edu.np
काठमाण्डौं फोन नं. : ०१-४१०६२४७
फ्याक्स नं. : ०१-४१०६२४८